# National Astrology Training Center Nepal Pvt.Ltd.

## राष्ट्रिय ज्योतिष प्रशिक्षण केन्द्र नेपाल प्रा. लि

## ज्योतिष प्रविण तीन महिना

| ज्योतिष | वास्तु | हस्तरेखा |
|---|---|---|
| ज्योतिष प्रविण — तीन महिना | वास्तु पराशर — दुई महिना | हस्तरेखा पराशर — दुई महिना |
| ज्योतिष पराशर — छ महिना | वास्तु भास्कर — छ महिना | हस्तरेखा भास्कर — छ महिना |
| ज्योतिष भास्कर — एक वर्ष | | |

### ज्योतिष प्रविण तीन महिना

**यो तीन महिने कोर्स हो। यसमा तीन भाग र तीस अध्याय छन् ।**

### भाग एक

ज्योतिषको वर्णमाला खण्ड यसमा ज्योतिषका पूर्वाधारहरू तिथि बार नक्षत्र योग करण, ग्रह, राशिआदिको पूर्ण र सुक्ष्म अध्ययन गराईएको छ। यसमा 10 अध्याय छन् जसको विरण निम्न छ।

#### अध्याय एक

ज्योतिष विज्ञानको पूर्ण परिचय, ज्योतिषको इतिहास र वर्तमान स्थिति, ज्योतिषका विभागहरू कति छन् र ती के के हुन्, समय मापन विधि, र अन्तरिक्षको मापन विधिको पूर्ण ज्ञान यो अध्यायमा गराईएको छ।

#### अध्याय दुई

पंचाग हेर्ने विधि, पात्रोको बारेमा पूर्ण जानकारी, तिथिहरू के के हुन् कतिछन्, शुभ र अशुभ तिथिहरू उदय र अस्त तिथिहरू क्षय र वृद्धि तिथिहरू, बारको परिचय र स्थिति, ग्रहको होरा र बारको सम्बन्ध, शुभ र अशुभ बारहरू, नक्षत्रहरूको बारेमा पूर्ण जानकारी, आकाशमा नक्षत्रहरूको स्थिति, नक्षत्र विज्ञानको पूर्ण परिचय।

#### अध्याय तीन

राशिहरूको परिचय, राशिहरूको संज्ञा, गुण धर्म र आकाशीय स्थिति, योगहरूको बारेमा पूर्ण जानकारी, करण भनेको के हो ज्योतिषमा करणको भुमिका, राशिको वर्ण ।

#### अध्याय चार

अवकहवडा चक्र

#### अध्याय पॉच

ग्रहहरूको परिचय र सौर्यमण्डलमा ग्रहहरूको स्थिति, ग्रहसम्बन्ध र मानवजीवनसँगको स्थिति, ग्रहहरूको उच्च र नीच बिचार शुभ अशुभ ग्रहहरू, दिशा स्वामि, ग्रह गुण धर्मको बिचार यो अध्यायमा गरिएको छ।

#### अध्याय छ

जन्मकुण्डली परिचय, कुण्डलीको बारह भावको स्पष्ट व्याख्या, कुण्डली र ग्रह स्थितिबाट हेरिने मानव समस्याआदि अनेक विषयको सुक्ष्म अध्ययन।

#### अध्याय सात

ग्रह दृष्टिसम्बन्धि पूर्ण जानकारी र ग्रह दृष्टिको मानव जीवनमा प्रभाव दिप्तांश ग्रह र यूती दृष्टि योगको जानकारी।

## अध्याय आठ

नौ ग्रहको प्रभाव र नौ ग्रहबाट बिचार गरिने वस्तुहरूको पूर्ण जानकारी।

## अध्याय नौ

योग प्रकरण , कलश योग, राजयोग, नगर योग, अमर योग आदि धेरै प्रकारका योगहरूको जानकारी र त्यसको फलको कथन।

## अध्याय दश

मंगली योगको र गण्डमूलको बारेमा जानकारी।

उपरोक्त अध्यायहरूलाई ज्योतिष विज्ञानको वर्णमालाको रूपमा लिन सकिन्छ । यसको ज्ञानले तपाईलाई असल ज्योतिषी बनाउन निकै मद्धत गर्नेछ।

# भाग दुई

# गणित खण्ड

## अध्याय एघार

समयको बारेमा जानकारी S.T L.T. A. T. M.T. G. M. T. आदिको स उदाहरण जानकारी यो अध्यायमा गराईएको छ। जन्म पत्रि निर्माणमा समयको निकै महत्व रहने भएका कारण समयलाई पूर्ण प्राथमिकता प्रधान गरिएको छ।

## अध्याय १२

बेलान्तर सारणी देशान्तर सारणीका साथमा अयनांश स्पष्ट सायनार्क स्पष्ट र सायन सूर्यको भुज निकाल्ने तरिकाको अध्ययन यो अध्यायमा गराईएको छ।

## अध्याय १३

अक्षांशको पलभा सारणी चर खण्ड साधन चरपल निर्माण र स्थानीय सूर्योदय निकालेर शुद्ध ईष्टकाल निर्माण गराउने प्रयास यो अध्यायमा गरिएको छ।

## अध्याय १४

लग्न स्पष्ट :-

यो अध्यायमा सउदाहरण सजिलोसँग स्थानीय अक्षांशको आधारमा लग्न स्पष्ट गर्नका स्थानीय वधोपलब्ध लंकोदय मान लाई स्पष्टसँग व्याख्या गरिएको छ। जसका कारण तपाई सजिलैसँग कुनै पनि अभिष्ट स्थानको लग्न स्पष्ट गर्न सक्नु हुनेछ।

## अध्याय १५

ग्रह साधन :-

यो अध्यायमा नौ ग्रह स्पष्ट गर्ने तरिका बताईएको छ जसबाट तपाईले अभिष्ट दिनको ग्रहहरूको स्थिति पत्ता लगाउन सक्नु हुनेछ। यो अध्यायको अध्ययन पछि तपाई असल जन्म कुण्डली निर्माण गर्न सक्नु हुनेछ।

## अध्याय १६

भाव साधनः- यो अध्यायमा चन्द्र कुण्डली नवमांश कुण्डली, दशमांश कुण्डली, द्वादशांश कुण्डली, त्रिशांश कुण्डली आदि कुण्डलीहरू निर्माण गर्ने तरिकाको पूर्ण जानकारी यस अध्यायमा राखिएको छ।

## अध्याय १७

अष्टकवर्ग साधन  भावको शुभा शुभ फल र भावको बल निकाल्न , ग्रहहरूको बल निकाल्नका लागि यो अध्यायमा अष्टकवर्ग निकाल्ने तरिका सिकाईएको छ।

## अध्याय १८

अष्टकवर्ग साधन  भावको शुभा शुभ फल र भावको बल निकाल्न , ग्रहहरूको बल निकाल्नका लागि यो अध्यायमा अष्टकवर्ग निकाल्ने तरिका सिकाईएको छ।

## अध्याय १९

दशा निर्णयः-
त्रिभागी दशा निकाल्ने तरिका, विंशोत्तरी दशा र अन्तर्दशा, योगिनी दशा आदि को सुक्ष्म अध्ययनका साथमा संसारमा चलि आएका अन्य दशा पद्धतिहरू अष्टोत्तरीदशा, पंचोत्तरी दशा, चरदशा आदि अनेक दशाहरूको बारेमा जानकारी दिईएको छ।

## अध्याय २०

विवाह मिलानः-
विवाह गर्नु भन्दा पूर्व पुरूष र महिलाको चिना मिलान गर्ने हाम्रो परंपरा रहि आएको छ। जसमा गुण आदिको बिचार गरिन्छ त्यसको सउदाहरण यो अध्यायमा स्पष्ट पारिएको छ।

## भाग तीन

# फलादेश खण्ड

यो भागमा अध्याय 21 देखि 30 सम्म राखिएको छ। 12 भावको फलादेश दुई खण्डमा गरिएको छ। यो कोर्सको अध्ययन गरेर तपाई सफल ज्योतिर्वीद बनिनुहुनेछ।

नोट  यो कोर्स पुरा गरेपछि तपाईले चाहेमा ज्योतिष पराशरको कोर्स 3 महिनामा गर्न सक्नु हुनेछ। जसमा तपाईलाई ज्योतिष शास्त्रको सुक्ष्म र पूर्ण ज्ञान हुनेछ।


Contact

www.shreepunya.com

Natc Nepal Pvt. Ltd.

Pho- +977-1-4417863

Mo- 9841164689,9841314468